"स्वस्थ र समृद्ध त्रिवेणी गाउँपालिका, विकासमा हाम्रो प्रतिवद्धता"

# त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## लुहाम, सल्यान

## चालु आ.व.को अर्द्धवार्षिक प्रगति प्रतिवेदन

## आ. व. २०८०।८१

CamScanner

### आ.व २०८०।८१ को विषयगत शाखाहरुको अर्धवार्षिक प्रगती विवरण

| क.सं. | शाखा | क्रियाकलाप |
|---|---|---|
| १ | शिक्षा, युवा तथा खेलकुद शाखा | १९ वटा विद्यालयहरुमा अनुगमन तथा सुपरीवेक्षण कार्य सम्पन्न गरिएको । |
| | | प्रथम र दोस्रो आवधिक परीक्षा संचालन भएको । |
| | | शिक्षकहरुको क्षमता वृद्धि गर्नमा लागि शिक्षकहरुलाई २ पटक तालिम प्रदान गरिएको । |
| | | गाउँपालीका स्तरीय भलिबल खेलकुद छनौट प्रतियोगिता सम्पन्न |
| | | शिक्षकहरुको का.स.मु फारामहरुको सुपरीवेक्षण तथा पुनरावलोकन गरि समन्वय इकाइमा सिफारिस गर्नुका साथै शिक्षक तथा विद्यालय कर्मचारीहरुको सम्पत्ति विवरण बुझाउने र शिक्षक तलवि प्रतिवेदन प्रमाणित गर्ने कार्य सम्पन्न भएको |
| | | सामुदायि विद्यालयहरुको गत आ.व.को सामाजिक लेखा परीक्षण र लेखा परीक्षण कार्य संचालनमा रहेको । |
| २ | स्वास्थ्य शाखा | आमा सुरक्षा कार्यक्रम अन्तर्गत स्वास्थ्य संस्थामा सुत्केरी भएका जम्मा ५१ जनालाई उत्प्रेरणा खर्च, प्रोत्साहन रकम र न्यानो झोला वितरण गरिएको। |
| | | प्रोटोकल अनुसार गर्भवती जाँच गर्न आउने जम्मा २०२ जना गर्भवती महिलाहरुलाई आयोडिन नुन र साबुन वितरण गरिएको । |
| | | सुत्केरी घर जाँच कार्यक्रम अन्तर्गत ७१ सुत्केरी महिलाहरुलाई १४० पटक घरभेट गरिएको साथै ग्रामिण अल्टासाउण्ड कार्यक्रम अन्तर्गत वडा नं १ मा १७ जना, वडा नं २ मा १० जना र वडा नं ३ मा २२ जनालाई निशुल्क अल्टासाउण्ड सेवा दिइएको । |
| | | नियमित खोप कार्यक्रम अन्तर्गत हालसम्म ११७ जना बालबालिकाहरुलाई पूर्णखोप दिइएको साथै १२१३ जना ५ वर्ष मुनीका बालबालिकाहरुलाई भिटामिन ए र १०५० जना बालबालिकाहरुलाई जुकाको औषधि वितरण गरिएको । |
| | | महिला सामुदायिक स्वास्थ्य दिवसमा उत्कृष्ट महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकालाई सम्मान तथा सबै स्वयमसेविकाहरुलाई १/१ थान छाता र झोला वितरण गरिएको । |
| | | ६ जना क्षयरोगका बिरामिहरुलाई उपचार गरिएको साथै एच.आ.भि एड्स संक्रमितहरुलाई यातायात तथा पोषण खर्च वापत |
| | | सार्वजनिक बिदाको दिनमा स्वास्थय चौकि खोल्ने कार्यक्रम नियमित भएको,स्वास्थ्य चौकि प्रमुखहरुको मासिक बैठक नियमित संचालनमा रहेको, स्वास्थ्य कार्यक्रमहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको । |

CamScanner

| | | |
|---|---|---|
| | | स्वास्थ्य चौकिहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रम सम्पन्न गरिनुका साथै त्रैमासिक रुपमा नसर्ने रोगको, जेष्ठ नागरिक घरभेट कार्यक्रम सम्पन्न भएको |
| | | EHIRRS कार्यक्रम अन्तर्गत सबै स्वास्थ्य संस्थाहरुमा सफ्टवेयर जडान गरि रेकर्डिङ, रिपोर्टिङ कार्य अनलाइन मार्फत भएको |
| ३ | पशुपन्छी विकास शाखा | प्रथम चौमासिकमा औषधि खरीद गरि शाखा र पशु सेवा केन्द्रहरुवाट ५६५१ जना कृषकहरुका ३६१ गाईगोरु, २४४ भैसि, ४७३९२ वाखा, ७७२९१ कुखुरा र १३१ बंगुरहरुलाई निशुल्क औषधि वितरण गरिएको । |
| | | १७ वटा कुकरहरुमा रेविज विरुद्धको खोप, ७७०० कुखुरामा रानीखेत विरुद्धको खोप लगाइएको छ । |
| | | हिउदे घासको वीउ वितरण कार्यक्रमबाट १०५ जना कृषकहरुलाई निशुल्क ९०० के.जी जै र १०५ के.सी बर्षिम घाँसको वीउ वितरण गरिएको छ । |
| | | कृषकको उत्पादन गाउँपालीकाको अनुदान कार्यक्रम अन्तर्गत सूचना प्रकाशित गरी ४ वटा सहकारी र १ वटा समुहलाई छनौट गरी सम्झौता कार्य सम्पन्न गरिएको । |
| | | पशुपन्छी फर्म सुधार कार्यक्रम अन्तर्गत ६ जना कृषकहरु छनौट भई सम्झौता कार्य सम्पन्न गरिएको । |
| | | पशुपन्छी खोप कार्यक्रम अन्तर्गत खोप खरीद कार्य सम्पन्न गरिएको । |
| | | पशु सेवा शांखाबाट संचालन हुने ४ वटा पशु स्वास्थ्य शिविरको लागि स्थान छनौट गरिएको । |
| | | कृतिम गर्भाधान कार्यक्रम अन्तर्गत १३ वटा भैसी, ३ वटा बाखा र २ वटा गाईमा कृतिम गर्भाधान गरिएको । |
| ४ | कृषि शाखा | पहिलो चौमासिक व्यवसायिक तरकारी प्रवर्द्धन कार्यक्रम, बीउ उत्पादनमा आत्मनिर्भर कार्यक्रम, आकस्मिक वाली संरक्षण सेवा कार्यक्रम सम्पन्न । |
| | | कृषकको उत्पादन गाउँपालीकाको अनुदान कार्यक्रम , व्यवसायिक फलफूल कार्यक्रम, कृषि यान्त्रिकीकरण कार्यक्रम, व्यवसायिक च्याउ प्रवर्द्धन कार्यक्रमहरुको सूचना आह्वान गरी छनौट चरणमा रहेको । |
| ५ | महिला विकास शाखा | लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत वडाहरुमा लोकगित र लोक दोहोरी प्रतियोगिता सम्पन्न गरिएको । |
| | | मा.वि विद्यालयहरुमा लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको अभिमुखीकरण कार्यक्रम गरिएको । |
| | | अपांग परिचय पत्र वितरण सम्वन्धी ३ वटा बैठक सम्पन्न भएको । |
| | | बैंक खाता छोरीको सुरक्षा जिवन भरिको कार्यक्रम अन्तर्गत ६० जना नयाँ छोरी खाता दर्ता गरिएको । |
| | | उपभोक्ता समितीका पदाधिकारीहरुका लागि १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको । |
| | | नदीजन्य पदार्थ उत्खनन तथा बिकि वितरण कार्यको ठेक्का आह्वान भई सम्झौता समेत भईसकेको । |

CamScanner

| | | |
|---|---|---|
| ६ | योजना तथा पूर्वाधार शाखा | जम्मा ८० वटा पालीका र वडा स्तरीय योजनाहरुको सम्झौता कार्य सम्पन्न भएको र बाँकि योजनाहरुको सम्झौताको प्रकृयामा रहेको साथै ४ वटा योजनाहरुको भुक्तानीको भइसकेको । |
| | | संघिय समपुरक अनुदान तर्फको खज्जर अनुरुद्ध हुँदै दाङ जोडने सडक योजना, प्रदेश समपुरक अनुदान तर्फका लुहाम मख्खन टाकुरी सडक योजना, लुहाम ढोरचौर सडक योजना, सल्लेखोला सिम्क सडक योजनाहरुको टेन्डर आह्वान भई २ वटा योजनाका सम्झौता कार्य भएको र २ वटा योजनाका सम्झौताको प्रकृयामा रहेको । |
| | | गाउँपालीका प्रशासकीय भवनको तेस्रो तलाको ढलान तयारीमा रहेको, १० सैया अस्पतालको पहिलो तलाको ढलान कार्यको तयारिमा रहेको, खज्जर लिफट खानेपानी योजना सम्पन्नको अन्तिम चरणमा रहेको । |
| | | जनता मा.वि.काभ्राको गल्स होस्टेलको भवन र २ वटा शौचालयको भुक्तानी सम्पन्न भएको । |
| ७ | प्रधानमन्त्री रोजगार शाखा/मुख्यमन्त्री रोजगार शाखा | प्रधानमन्त्री रोजगार कार्यकम अन्तर्गत गाउँपालीकामा दर्ता भएका ५१२५ जना बेरोजगारहरु मध्ये ८६ जना बेरोजगारहरुलाई १०० दिन रोजगारका लागि वडा वाट छनौट भएका योजनाहरुको प्राविधिक स्टीमेट कार्य सम्पन्न गरी प्रत्येक योजनाहरुमा कामदारहरुवाट काम सुरु भएको । |
| | | मुख्यमन्त्री रोजगार कार्यकम अन्तर्गत प्रदेश सरकार वाट प्राप्त योजनाहरुको प्राविधिक स्टीमेट गरी सम्झौताको प्रकृयामा रहेको । |
| | | वैदेशिक रोजगार बोर्डले बैदेशिक रोजगारीमा गएर फर्केका व्यक्तिहरुलाई स्वदेशमा नै उद्यमशिलता विकास गर्न सक्ने गरी सिप विकास तालिम प्रदान गर्न वैदेशिक रोजगारवाट फर्किएका व्यक्तिहरुको विवरण संकलन गर्नका लागि परीपत्र गरे अनुरुप वडा नं ५ वाट विवरण प्राप्त भएको र अन्य वडाहरुवाट विवरण आउन बाकि रहेको |
| ८ | लघु उद्यम विकास शाखा | लघु उद्यम विकास कार्यकमहरु कार्यान्वयनका लागि आवश्यक प्रकृयामा रहेको । |
| ९ | न्यायिक शाखा | |
| १० | स्थानीय राजस्व शाखा | हाल सम्म आन्तरिक राजस्व तर्फ रु. १५,७०,७२० रुपैया संकलन भएको |
| | | नदीजन्य पदार्थ उत्खनन तथा बिकि वितरण कार्यको ठेक्का वापत पहिलो किस्ता रु. १०,९०,११० र रसिद मार्फत रु. ४०,१५६ राजस्व संकलन भएको छ । |
| ११ | पन्जिकरण शाखा | प्रथम त्रैमासिकमा ३२२६ जना लाभग्राहिहरुलाई सामाजिक सुरक्षा वितरण कार्य सम्पन्न गरि दोस्रो त्रैमासिक सामाजिक सुरक्षा वितरणको तायारि गरिएको |
| | | पहिलो चौमासिक बजार अनुगमन कार्य सम्पन्न गरी व्यवसायिहरुलाई व्यवसाय दर्ता, नवीकरणका लागि सुझाव दिइएको । |

CamScanner

| | | |
|---|---|---|
| १२ | उद्योग तथा वाणिज्य शाखा | उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय वाट हस्तान्तरण भएका १० लाख भन्दा मुनीका उद्योग र व्यवसायहरुको कागजातहरु अभिलेखीकरण गरी औद्यागिक र व्यापार व्यवसाय (दर्ता र संचालन) कार्यविधि निर्माण गरी गाउँपालीकाबाट नै दर्ता र नविकरण गर्ने कार्य अगाडि बढाईएको । |
| | | कार्यविधि निर्माण पछि उद्योग तर्फ १ वटा र वाणिज्य तर्फ ४ वटा नयाँ व्यवसाय दर्ता भएको । |
| १३ | पोषण सुधार कार्यक्रम | |
| १४ | गा.पा स्तरीय भूमि आयोग | भुमिहिन दलित, भुमिहिन सुकुम्बासीहरु लाई जग्गा उपलब्ध गराउने र अव्यबस्थित बसोबासिलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि निर्माण गरिएका ८७ वटा नियन्त्रण बिन्दुहरुको विवरण कार्ड तयार गरी वडा नं ३ को तल्लो कारेबासबाट मिती २०८० श्रावण २१ बाट जग्गा नाप नक्साको कार्य सुरु गरिएको । |
| | | पहिलो चरणमा पालीका भित्र रहेका भूमिहिन दलित र भूमिहिन सुकुम्बासीहरुको वडा नं ३ को तल्लो कारेवास र वडा न. ६ को घोप्टेअम्रैमा रहेका जग्गा नापँजाच भईसकेको र वडा नं ६ को घोप्टेअम्रैमा रहेका भूमिहिन दलीत कुल बहादुर बिस्वकर्मा र भूमिहिन सुकुम्वासी लिलाधर बुढाथोकि, सिता बुढाथोकिको गरि ३ जनाको पूर्जाको प्रक्रियाको लागि अन्तिम चरणमा रहेको । |
| | | अव्यबस्थित बसोबासिहरुको जग्गाको नापनक्सा कार्य त्रिवेणी १ को तालगैरा, तल्लोकाभ्रा, मभाउ जिउला, टाटके, ठाटि गरी जम्मा ७२ कित्ता जग्गाको नापजाँच कार्य सम्पन्न भएको र हाल काभ्रा रामवजारमा नापजाँच कार्य संचालनमा रहेको । |
| १५ | अन्य प्रगती | गत आ.व को वार्षिक समिक्षा कार्य सम्पन्न भएको । |
| | | औद्योगिक व्यवसाय (दर्ता तथा संचालन) कार्यविधि,२०८० र व्यापार व्यवसाय (दर्ता तथा संचालन) कार्यविधि २०८० निर्माण गरि लागु गरिएको । |
| | | त्रिवेणी गाउँपालीकाको खेलकुद विकास ऐन, २०८० र त्रिवेणी गाउँपालीकाको कार्यसंचालन निर्देशिका,२०८० छलफल गरी पारीतको अन्तिम चरणमा रहेको |

CamScanner

# त्रिवेणी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सल्यान
कार्यालयको कोड : ८०६६०५०६३००

### बजेट उपशीर्षकगत बजेट तथा खर्च

आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१-२०८०/०९/२९

| SN | बजेट उपशीर्षक | | चालु | | पूँजीगत | | वित्तीय | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संकेत | नाम | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | खर्च(%) | मौज्दात |
| १ | ८०६६०५०६१०१ | त्रिवेणी गाउँपालिका | ८,२६,८६,४६४.०० | २,३८,२०,८८४.८५ | ९,७१,८२,०००.०० | १,२८,७८,८७५.०० | ०.०० | ०.०० | १७,९८,६८,४६४.०० | ३,६६,९९,७५९.८५ | २०.४० | १४,३१,६८,७०४.१५ |
| २ | ८०६६०५०६२०१ | त्रिवेणी गाउँपालिकावडा नं.१ | ७,७५,०००.०० | १,०१,४७५.०० | २८,७५,०००.०० | ३,४९,७३५.०० | ०.०० | ०.०० | ३६,५०,०००.०० | ४,५१,२१०.०० | १२.३६ | ३१,९८,७९०.०० |
| ३ | ८०६६०५०६२०२ | त्रिवेणी गाउँपालिकावडा नं.२ | ७,५०,०००.०० | ७०,०७५.०० | २४,५०,०००.०० | २,३६,००२.०० | ०.०० | ०.०० | ३२,००,०००.०० | ३,०६,०७७.०० | ९.५६ | २८,९३,९२३.०० |
| ४ | ८०६६०५०६२०३ | त्रिवेणी गाउँपालिकावडा नं.३ | ४,७५,०००.०० | ७४,९५०.०० | २७,२५,०००.०० | ०.०० | ०.०० | ०.०० | ३२,००,०००.०० | ७४,९५०.०० | २.३४ | ३१,२५,०५०.०० |
| ५ | ८०६६०५०६२०४ | त्रिवेणी गाउँपालिकावडा नं.४ | १३,००,०००.०० | ७,७६,०००.०० | १७,००,०००.०० | ५,३३,२५४.०० | ०.०० | ०.०० | ३०,००,०००.०० | १३,०९,२५४.०० | ४३.६४ | १६,९०,७४६.०० |
| ६ | ८०६६०५०६२०५ | त्रिवेणी गाउँपालिकावडा नं.५ | ९,६०,०००.०० | २,६३,२२५.०० | २०,४०,०००.०० | ०.०० | ०.०० | ०.०० | ३०,००,०००.०० | २,६३,२२५.०० | ८.७७ | २७,३६,७७५.०० |
| ७ | ८०६६०५०६२०६ | त्रिवेणी गाउँपालिकावडा नं.६ | १५,००,०००.०० | ०.०० | १५,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ३०,००,०००.०० | ०.०० | ०.०० | ३०,००,०००.०० |
| ८ | ८०६६०५०६३०१ | त्रिवेणी गाउँपालिका - शिक्षा | १,८०,००,०००.०० | ७७,६८,८२५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | १,८०,००,०००.०० | ७७,६८,८२५.०० | ४३.१६ | १,०२,३१,१७५.०० |
| ९ | ८०६६०५०६३०२ | त्रिवेणी गाउँपालिका - स्वास्थ्य | ७०,००,०००.०० | ३,६०,९७२.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ७०,००,०००.०० | ३,६०,९७२.०० | ५.१६ | ६६,३९,०२८.०० |
| १० | ८०६६०५०६३०३ | त्रिवेणी गाउँपालिका - कृषि | ३८,००,०००.०० | ५,८९,१३१.०० | २१,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ५९,००,०००.०० | ५,८९,१३१.०० | ९.९९ | ५३,१०,८६९.०० |
| ११ | ८०६६०५०६३०४ | त्रिवेणी गाउँपालिका- पशु | ३५,००,०००.०० | १३,७२,८८५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३५,००,०००.०० | १३,७२,८८५.०० | ३९.२३ | २१,२७,११५.०० |
| १२ | ८०६६०५०६३०५ | त्रिवेणी गा.पा महिला तथा वालविकास शाखा | २०,००,०००.०० | २,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २०,००,०००.०० | २,००,०००.०० | १०.०० | १८,००,०००.०० |
| १३ | ८०६६०५०६५११ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | १६,११,४२,०००.०० | ५,४५,५८,७०७.३० | २,६०,००,०००.०० | ७,९९,५३२.०० | ०.०० | ०.०० | १८,७१,४२,०००.०० | ५,५३,५८,२३९.३० | २९.५८ | १३,१७,८३,७६०.७० |
| १४ | ८०६६०५०६५१२ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | ५०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५०,००,०००.०० | ०.०० | ०.०० | ५०,००,०००.०० |
| १५ | ८०६६०५०६५१३ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | ०.०० | ०.०० | ८०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ८०,००,०००.०० | ०.०० | ०.०० | ८०,००,०००.०० |
| १६ | ८०६६०५०६५२१ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ०.०० | ०.०० | ९०,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ९०,००,०००.०० | ०.०० | ०.०० | ९०,००,०००.०० |
| | | जम्मा | २८,८८,८८,४६४.०० | ८,९९,५७,१३०.१५ | १५,५५,७२,०००.०० | १,४७,९७,३९८.०० | ०.०० | ०.०० | ४४,४४,६०,४६४.०० | १०,४७,५४,५२८.१५ | २३.५६ | ३३,९७,०५,९३५.८५ |